चुलाचुली गाँउपालिका

स्थानीय राजपत्र

खण्ड ८)इलाम,कार्त्तिक १९ गते,२०८३ साल (संख्या- ३

भाग २

सिमल तरुल (Cassava) प्रशोधन उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०७/१८

प्रस्तावना

चुलाचुली गाउँपालिकाभित्र उत्पादित सिमल तरुल (Cassava) लगायतका कृषि उपजको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण तथा व्यावसायीकरणमार्फत कृषकहरूको आयआर्जन वृद्धि गर्ने र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने उद्देश्यले गाउँपालिकाबाट स्थापना गरिएको सिमल तरुल प्रशोधन उद्योगलाई प्रभावकारी, व्यावसायिक, प्रतिस्पर्धात्मक तथा दिगो रूपमा सञ्चालन गर्न आवश्यक देखिएको छ।

उक्त उद्योगको सञ्चालन तथा व्यवस्थापनमा निजी क्षेत्र, सहकारी संस्था, कृषक समूह तथा अन्य योग्य संस्थाको सहभागिता र लगानी परिचालन गरी उद्योगलाई नियमित रूपमा सञ्चालन गर्न, स्थानीय कृषकको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न तथा गाउँपालिकाको सम्पत्तिको संरक्षण र सदुपयोग गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनको अधीनमा रही चुलाचुली गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

चुलाचुली गाउँपालिका, इलाम

(१) यस कार्यविधिको नाम "चुलाचुली गाउँपालिकाको सिमल तरुल (Cassava) प्रशोधन उद्योग सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले चुलाचुली गाउँपालिका, इलाम सम्झनुपर्छ।

ख) "कार्यालय" भन्नाले चुलाचुली गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ग) "उद्योग" भन्नाले गाउँपालिकाद्वारा स्थापना गरिएको सिमल तरुल (Cassava) प्रशोधन उद्योग तथा सोसँग सम्बन्धित भवन, मेसिनरी, उपकरण र भौतिक संरचना सम्झनुपर्छ।

घ) "सञ्चालक" भन्नाले यस कार्यविधिबमोजिम प्रस्ताव पेश गरी छनोट भएको सहकारी संस्था, कृषक समूह, कृषि उद्यमी, कम्पनी, फर्म वा अन्य योग्य संस्था सम्झनुपर्छ।

ङ) "सम्झौता" भन्नाले गाउँपालिका र छनोट भएको सञ्चालकबीच उद्योग सञ्चालनका लागि गरिने लिखित सम्झौता सम्झनुपर्छ।

च) "समिति" भन्नाले दफा ८ बमोजिम गठित प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति सम्झनुपर्छ।

छ) "प्राविधिक प्रस्ताव" भन्नाले उद्योग सञ्चालनको योजना, उत्पादन प्रक्रिया, जनशक्ति, कच्चा पदार्थको आपूर्ति, गुणस्तर नियन्त्रण तथा बजार व्यवस्थापनसम्बन्धी प्रस्ताव सम्झनुपर्छ।

ज) "आर्थिक प्रस्ताव" भन्नाले उद्योग सञ्चालनका लागि प्रस्तावित लगानी, सञ्चालन खर्च, आम्दानी, गाउँपालिकालाई बुझाउने वार्षिक सञ्चालन शुल्क वा राजस्व, नाफा तथा आर्थिक योजनासम्बन्धी प्रस्ताव सम्झनुपर्छ।

३. कार्यविधिको उद्देश्य :

यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन्:

क) गाउँपालिकाद्वारा स्थापना गरिएको उद्योगलाई नियमित र व्यावसायिक रूपमा सञ्चालन गर्ने।

ख) स्थानीय स्तरमा उत्पादित सिमल तरुलको प्रशोधन गरी मूल्य अभिवृद्धि गर्ने।

ग) स्थानीय कृषकलाई उत्पादन बिक्रीको भरपर्दो बजार उपलब्ध गराउने।

घ) स्थानीय कच्चा पदार्थको उपयोग तथा उत्पादनमा आधारित उद्योग प्रवर्द्धन गर्ने।

ङ) सहकारी, कृषक समूह तथा निजी क्षेत्रको लगानी र सहभागिता अभिवृद्धि गर्ने।

च) स्थानीय रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्ने।

छ) उद्योगको भौतिक सम्पत्ति, मेसिनरी तथा उपकरणको संरक्षण र दिगो उपयोग सुनिश्चित गर्ने।

ज) उद्योगबाट उत्पादित वस्तुको गुणस्तर, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणलाई व्यवस्थित गर्ने।

परिच्छेद–२

उद्योग सञ्चालनको व्यवस्था

४. उद्योग सञ्चालनको जिम्मेवारी प्रदान गर्न सकिने :

(१) गाउँपालिकाले स्थापना गरेको सिमल तरुल प्रशोधन उद्योगलाई यस कार्यविधिबमोजिम इच्छुक तथा योग्य सहकारी संस्था, कृषक समूह, कृषि उद्यमी, कम्पनी, फर्म वा प्रचलित कानूनबमोजिम दर्ता भएका अन्य संस्थालाई सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी प्रदान गर्न सक्नेछ।

(२) उद्योग सञ्चालनको जिम्मेवारी प्रदान गर्न गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्नुपर्नेछ।

(३) प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव पेश गर्ने संस्थालाई छनोट गरी सम्झौता गरिनेछ।

(४) उद्योग सञ्चालनको जिम्मेवारी प्रदान गर्दा उद्योगको भवन, जग्गा, मेसिनरी तथा उपकरणको स्वामित्व गाउँपालिकामै रहनेछ।

(५) सञ्चालकले सम्झौतामा उल्लेख भएबमोजिम उद्योग सञ्चालन, व्यवस्थापन, उत्पादन, बजारीकरण तथा नियमित मर्मतसम्भार गर्नुपर्नेछ।

५. सञ्चालनको अवधि :

(१) उद्योग सञ्चालनको प्रारम्भिक सम्झौता अवधि तीन वर्षको हुनेछ।

(२) सञ्चालकको कार्यसम्पादन सन्तोषजनक भएमा, उद्योग नियमित रूपमा सञ्चालन भएको पाइएमा तथा गाउँपालिकाको हित अनुकूल भएमा दुवै पक्षको सहमतिमा थप अवधि नवीकरण गर्न सकिनेछ।

(३) सम्झौता नवीकरण गर्दा सञ्चालकको कार्यसम्पादन, आर्थिक पारदर्शिता, कच्चा पदार्थको उपयोग, उत्पादन तथा बिक्रीको अवस्था र गाउँपालिकालाई बुझाउनुपर्ने रकमको नियमिततालाई आधार मानिनेछ।

(४) गाउँपालिकाले आवश्यक ठानेमा सार्वजनिक हितका लागि सम्झौताका शर्तहरूमा परिमार्जन गर्न सक्नेछ। त्यस्तो परिमार्जन दुवै पक्षको लिखित सहमतिबाट हुनेछ।

६. सञ्चालनको मोडालिटी :

(१) उद्योगको सञ्चालन निम्न आधारमा हुनेछः

क) उद्योगको भवन, मेसिनरी, उपकरण तथा अन्य स्थायी सम्पत्ति गाउँपालिकाको स्वामित्वमा रहने।

ख) छनोट भएको संस्थाले आफ्नै व्यवस्थापन, जनशक्ति तथा कार्यशील पूँजीको व्यवस्था गरी उद्योग सञ्चालन गर्ने।

ग) उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ, प्याकेजिङ सामग्री, विद्युत्, पानी, इन्धन, श्रमिक तथा अन्य दैनिक खर्च सञ्चालकले व्यवस्थापन गर्ने।

घ) उद्योगबाट उत्पादित वस्तुको बिक्री वितरण तथा बजारीकरण सञ्चालकले गर्ने।

ङ) गाउँपालिकालाई सम्झौतामा तोकिएबमोजिम वार्षिक सञ्चालन शुल्क, राजस्व वा अन्य निर्धारित रकम बुझाउनुपर्नेछ।

च) उद्योगको मेसिनरी तथा संरचनाको नियमित मर्मतसम्भार र संरक्षण सञ्चालकको जिम्मेवारी हुनेछ।

(२) गाउँपालिकाले उद्योग सञ्चालनका लागि आवश्यक प्रारम्भिक सम्पत्ति तथा उपकरणको विवरणसहित सञ्चालकलाई हस्तान्तरण गर्नुपर्नेछ।

(३) उद्योग सञ्चालनका क्रममा आवश्यक थप लगानी तथा कार्यशील पूँजी सञ्चालकले आफ्नै स्रोतबाट व्यवस्थापन गर्नुपर्नेछ। गाउँपालिकाले छुट्टै निर्णय नगरेसम्म सञ्चालकले थप लगानीको नाममा गाउँपालिकासँग रकम माग गर्न पाउने छैन।

७. सञ्चालनमा प्राथमिकता दिनुपर्ने विषय :

सञ्चालकले उद्योग सञ्चालन गर्दा देहायका विषयलाई प्राथमिकता दिनुपर्नेछः

क) चुलाचुली गाउँपालिकाभित्र उत्पादित सिमल तरुललाई प्राथमिकताका साथ खरिद तथा प्रशोधन गर्ने।

ख) स्थानीय कृषक, कृषक समूह तथा सहकारी संस्थासँग समन्वय गरी कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्ने।

ग) कृषकबाट खरिद गरिने सिमल तरुलको मूल्य निर्धारण गर्दा बजार मूल्य र गुणस्तरलाई आधार बनाउने।

घ) स्थानीय स्तरमा उपलब्ध जनशक्तिलाई रोजगारीमा प्राथमिकता दिने।

ङ) उत्पादनको गुणस्तर, खाद्य स्वच्छता र उपभोक्ता हित कायम गर्ने।

च) उद्योगबाट उत्पादित वस्तुको बजार विस्तार तथा बिक्री वितरण गर्ने।

छ) उद्योग सञ्चालन गर्दा वातावरणीय स्वच्छता तथा फोहोरमैला व्यवस्थापनमा ध्यान दिने।

परिच्छेद–३

प्रस्ताव आह्वान, मूल्याङ्कन तथा छनोट

८. प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति :

(१) उद्योग सञ्चालनका लागि प्राप्त प्रस्तावहरूको अध्ययन, मूल्याङ्कन तथा छनोट सिफारिस गर्न देहायबमोजिमको समिति रहनेछः

क्र.सं.	पदाधिकारी	जिम्मेवारी
१	आर्थिक विकास समितिका संयोजक	संयोजक
२	कृषि विकास शाखा प्रमुख	सदस्य
३	पशु सेवा शाखा प्रमुख	सदस्य
४	आर्थिक प्रशासन शाखा प्रमुख	सदस्य
५	योजना शाखा प्रमुख वा तोकिएको कर्मचारी	सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

९. प्रस्ताव आह्वानसम्बन्धी व्यवस्था :

(१) गाउँपालिकाले उद्योग सञ्चालनका लागि इच्छुक संस्थाबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी कम्तीमा १५ दिनको समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) सूचना गाउँपालिकाको वेबसाइट, सूचना पाटी, स्थानीय सञ्चार माध्यम तथा अन्य उपयुक्त माध्यमबाट प्रकाशन गर्न सकिनेछ।

(३) सूचनामा देहायका विषयहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछः

क) उद्योगको नाम, स्थान तथा संक्षिप्त परिचय।

ख) उद्योगमा उपलब्ध भवन, मेसिनरी, उपकरण तथा अन्य सम्पत्तिको विवरण।

ग) उद्योग सञ्चालन गर्नुपर्ने मुख्य कार्य तथा जिम्मेवारी।

घ) प्रस्ताव पेश गर्न पाउने संस्थाको योग्यता।

ङ) प्राविधिक तथा आर्थिक प्रस्तावमा समावेश गर्नुपर्ने विवरण।

च) प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान।

छ) गाउँपालिकालाई प्रस्ताव गर्नुपर्ने वार्षिक सञ्चालन शुल्क वा राजस्वको न्यूनतम रकम, भए सोको विवरण।

ज) प्रस्ताव मूल्याङ्कनका आधार तथा अङ्कभार।

झ) सम्झौताको अवधि तथा अन्य शर्तहरू।

ञ) प्रस्ताव छनोट तथा सम्झौता प्रक्रियासम्बन्धी जानकारी।

१०. प्रस्ताव पेश गर्न पाउने संस्थाको योग्यता :

देहायका योग्यता भएका संस्थाले प्रस्ताव पेश गर्न सक्नेछन्:

क) प्रचलित कानूनबमोजिम दर्ता तथा नवीकरण भएको सहकारी संस्था, कृषक समूह, कृषि उद्यम, कम्पनी, फर्म वा अन्य योग्य संस्था।

ख) संस्थाको विधान, उद्देश्य वा कार्यक्षेत्रमा कृषि उत्पादन, प्रशोधन, बजारीकरण, उद्योग सञ्चालन वा व्यवसायसँग सम्बन्धित कार्य समावेश भएको।

ग) संस्था कर दर्ता (PAN/VAT लागू हुने अवस्थामा) भएको।

घ) संस्थाको नाममा बैंक खाता रहेको।

ङ) संस्था वा त्यसका पदाधिकारी कालोसूचीमा नरहेको तथा प्रचलित कानूनबमोजिम व्यवसाय सञ्चालन गर्न अयोग्य नठहरिएको।

च) उद्योग सञ्चालनका लागि आवश्यक आर्थिक क्षमता तथा कार्यशील पूँजी जुटाउन सक्ने।

छ) खाद्य प्रशोधन तथा उद्योग सञ्चालनसम्बन्धी आवश्यक ज्ञान, अनुभव वा प्राविधिक जनशक्ति व्यवस्थापन गर्न सक्ने।

ज) गाउँपालिकाले सूचनामा तोकेका अन्य आवश्यक मापदण्ड पूरा गरेको।

११. प्रस्तावसँग पेश गर्नुपर्ने कागजातहरू :

इच्छुक संस्थाले प्रस्तावसँग देहायका कागजातहरू पेश गर्नुपर्नेछः

क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।

ख) संस्था नवीकरण प्रमाणपत्रको प्रतिलिपि।

ग) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।

घ) संस्थाको विधान तथा निर्णयको प्रतिलिपि।

चुलाचुली गाउँपालिका, इलाम

ङ) सञ्चालक समितिको निर्णय, जसमा उद्योग सञ्चालनका लागि प्रस्ताव पेश गर्ने तथा सम्झौता गर्ने अख्तियारी प्रदान गरिएको होस्।

च) संस्थाको लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्र (लागू हुने अवस्थामा)।

छ) उद्योग वा कृषि प्रशोधनसम्बन्धी अनुभव भए सोको प्रमाण।

ज) प्रस्तावित जनशक्ति तथा प्राविधिक कर्मचारीको विवरण।

झ) प्राविधिक प्रस्ताव।

ञ) आर्थिक प्रस्ताव।

ट) अन्य आवश्यक तथा सम्बन्धित कागजात।

१२. प्राविधिक प्रस्तावमा समावेश गर्नुपर्ने विषयहरू :

प्राविधिक प्रस्तावमा कम्तीमा देहायका विषयहरू समावेश हुनुपर्नेछः

क) उद्योग सञ्चालनसम्बन्धी कार्ययोजना।

ख) सिमल तरुलको कच्चा पदार्थ संकलन तथा आपूर्ति योजना।

ग) वार्षिक रूपमा प्रशोधन गर्न सकिने कच्चा पदार्थको अनुमानित परिमाण।

घ) प्रशोधन प्रविधि तथा उत्पादन प्रक्रिया।

ङ) उत्पादन गर्न प्रस्ताव गरिएका वस्तुहरूको विवरण।

च) उद्योग सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्ति तथा कर्मचारी व्यवस्थापन योजना।

छ) गुणस्तर नियन्त्रण, खाद्य स्वच्छता तथा प्याकेजिङ योजना।

ज) उत्पादनको ब्रान्डिङ, बजार प्रवर्द्धन तथा बिक्री वितरण योजना।

झ) उद्योग सञ्चालन तथा मेसिनरी मर्मतसम्भार योजना।

ञ) स्थानीय कृषकसँग समन्वय तथा कच्चा पदार्थ खरिदसम्बन्धी योजना।

ट) वातावरणीय तथा फोहोरमैला व्यवस्थापन योजना।

ठ) सम्भावित जोखिम तथा जोखिम न्यूनीकरण योजना।

१३. आर्थिक प्रस्तावमा समावेश गर्नुपर्ने विषयहरू :

आर्थिक प्रस्तावमा कम्तीमा देहायका विवरण समावेश हुनुपर्नेछः

क) उद्योग सञ्चालनका लागि आवश्यक प्रारम्भिक कार्यशील पूँजी।

ख) कच्चा पदार्थ खरिदमा लाग्ने अनुमानित वार्षिक खर्च।

ग) जनशक्ति तथा कर्मचारीको पारिश्रमिक खर्च।

घ) विद्युत्, पानी, इन्धन तथा अन्य सञ्चालन खर्च।

ङ) प्याकेजिङ, ढुवानी तथा बजारीकरण खर्च।

च) उत्पादन तथा बिक्रीबाट हुने अनुमानित वार्षिक आम्दानी।

छ) अनुमानित नाफा तथा नोक्सानी विवरण।

धुलाघरी नगरपालिका, इलाम

ज) उद्योग सञ्चालनका लागि गरिने थप लगानीको स्रोत।

झ) गाउँपालिकालाई प्रस्ताव गरिएको वार्षिक सञ्चालन शुल्क वा राजस्व रकम।

ञ) अन्य आवश्यक आर्थिक विवरण।

१४. प्रस्ताव मूल्याङ्कनका आधार :

(१) प्राप्त प्रस्तावहरूको मूल्याङ्कन कुल १०० अङ्कमा गरिनेछ।

(२) मूल्याङ्कनको आधार र अङ्कभार देहायबमोजिम हुनेछः

क्र.सं.	मूल्याङ्कनका आधार	पूर्णाङ्क
१	संस्था दर्ता, अनुभव तथा संस्थागत क्षमता	१०
२	उद्योग सञ्चालनसम्बन्धी प्राविधिक ज्ञान तथा अनुभव	१०
३	कच्चा पदार्थ संकलन तथा स्थानीय कृषकसँगको समन्वय योजना	१५
४	प्रशोधन प्रविधि, उत्पादन क्षमता तथा गुणस्तर व्यवस्थापन योजना	१५
५	जनशक्ति व्यवस्थापन, बजारीकरण तथा व्यावसायिक कार्ययोजना	१०
६	आर्थिक क्षमता तथा कार्यशील पूँजी व्यवस्थापन	१०
७	आर्थिक प्रस्ताव तथा गाउँपालिकालाई प्रस्तावित वार्षिक सञ्चालन शुल्क/राजस्व	२०
८	स्थानीय रोजगारी सिर्जना तथा स्थानीय अर्थतन्त्रमा योगदान	१०
	जम्मा	**१००**

(३) प्राविधिक प्रस्तावको मूल्याङ्कन ७० अङ्क र आर्थिक प्रस्तावको मूल्याङ्कन ३० अङ्कको आधारमा गरिनेछ। आर्थिक प्रस्तावको अङ्कभारभित्र दफा १४(२) को क्र.सं. ७ को २० अङ्क र क्र.सं. ८ को १० अङ्क रहनेछ।

(४) प्राविधिक प्रस्तावमा न्यूनतम ४० अङ्क प्राप्त गर्ने प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गरिनेछ।

(५) सबैभन्दा बढी कुल अङ्क प्राप्त गर्ने संस्थालाई छनोटका लागि सिफारिस गरिनेछ।

(६) बराबर अङ्क प्राप्त भएमा प्राविधिक प्रस्तावमा बढी अङ्क प्राप्त गर्ने संस्थालाई प्राथमिकता दिइनेछ। त्यसमा पनि बराबर भएमा स्थानीय कृषकसँग बढी प्रभावकारी समन्वय गर्ने संस्थालाई प्राथमिकता दिइनेछ।

(७) मूल्याङ्कनको विस्तृत आधार, अङ्क विभाजन तथा आर्थिक प्रस्तावको गणना विधि सूचनामा समेत स्पष्ट खुलाउनुपर्नेछ।

१५. प्रस्ताव छनोट तथा स्वीकृति :

(१) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावको अध्ययन तथा मूल्याङ्कन गरी योग्य संस्थाको छनोट सिफारिस गाउँपालिकामा पेश गर्नेछ।

(२) समितिको सिफारिसका आधारमा प्रचलित कानून तथा अधिकार प्रत्यायोजनको अधीनमा रही गाउँपालिकाको अधिकारप्राप्त अधिकारीबाट निर्णय गरी सञ्चालक छनोट गरिनेछ।

(३) छनोट भएको संस्थाको नाम तथा आवश्यक विवरण सार्वजनिक गरिनेछ।

(४) छनोट भएको संस्थाले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गर्न अस्वीकार गरेमा दोस्रो उच्च अङ्क प्राप्त गर्ने संस्थालाई सम्झौताका लागि बोलाउन सकिनेछ।

(५) प्राप्त प्रस्तावहरू उपयुक्त नदेखिएमा वा प्रतिस्पर्धा पर्याप्त नभएमा गाउँपालिकाले प्रस्ताव प्रक्रिया रद्द गरी पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

परिच्छेद–४

सञ्चालकको जिम्मेवारी तथा दायित्व

१६. सञ्चालकको जिम्मेवारी :

छनोट भएको सञ्चालकको जिम्मेवारी देहायबमोजिम हुनेछः

क) सम्झौतामा उल्लेख भएबमोजिम उद्योग नियमित रूपमा सञ्चालन गर्ने।

ख) उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थ तथा कार्यशील पूँजीको व्यवस्था गर्ने।

ग) उद्योगमा उपलब्ध मेसिनरी तथा उपकरणको उचित प्रयोग, संरक्षण र नियमित मर्मतसम्भार गर्ने।

घ) आवश्यक दक्ष तथा अदक्ष जनशक्तिको व्यवस्थापन गर्ने।

ङ) स्थानीय कृषकबाट उत्पादित सिमल तरुल खरिद तथा प्रशोधनलाई प्राथमिकता दिने।

च) उत्पादनको गुणस्तर तथा खाद्य स्वच्छता कायम गर्ने।

छ) उत्पादित वस्तुको प्याकेजिङ, ब्रान्डिङ तथा बजार व्यवस्थापन गर्ने।

ज) उद्योगको उत्पादन, खरिद, बिक्री, आम्दानी तथा खर्चको अभिलेख राख्ने।

झ) गाउँपालिकालाई सम्झौताबमोजिमको सञ्चालन शुल्क वा राजस्व निर्धारित समयमा बुझाउने।

ञ) गाउँपालिकाले माग गरेको अवस्थामा उद्योग सञ्चालनसम्बन्धी प्रतिवेदन तथा आर्थिक विवरण पेश गर्ने।

ट) उद्योग परिसर सफा, सुरक्षित तथा व्यवस्थित राख्ने।

ठ) प्रचलित कानूनबमोजिम आवश्यक इजाजत, अनुमति तथा गुणस्तरसम्बन्धी मापदण्ड पूरा गर्ने।

१७. सञ्चालकले पालना गर्नुपर्ने विशेष शर्तहरू :

क) गाउँपालिकाको स्वीकृतिबिना उद्योगको भवन, मेसिनरी तथा उपकरण अन्य व्यक्ति वा संस्थालाई भाडामा, उपभाडामा वा प्रयोग गर्न दिन पाइने छैन।

ख) गाउँपालिकाको स्वीकृतिबिना उद्योगका कुनै पनि सम्पत्ति बिक्री, हस्तान्तरण वा अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

ग) उद्योग सञ्चालनको नाममा गाउँपालिकाको सम्पत्तिमा स्थायी संरचना निर्माण वा भौतिक परिवर्तन गर्नुपरेमा पूर्वस्वीकृति लिनुपर्नेछ।

घ) उद्योग सञ्चालनको जिम्मेवारी अन्य संस्था वा व्यक्तिलाई हस्तान्तरण गर्न पाइने छैन।

ङ) उद्योगको सम्पत्ति वा उपकरणमा क्षति पुगेमा सम्झौता तथा प्रचलित कानूनबमोजिम सञ्चालक जिम्मेवार हुनेछ।

च) गाउँपालिकाले तोकेको निरीक्षण तथा अनुगमनमा सहयोग गर्नुपर्नेछ।

छ) उद्योगको नाम, भवन वा सम्पत्तिको प्रयोग गरी अनधिकृत आर्थिक कारोबार गर्न पाइने छैन।

परिच्छेद–५

आर्थिक तथा वित्तीय व्यवस्थापन

१८. सञ्चालन शुल्क तथा राजस्वसम्बन्धी व्यवस्था :

(१) सञ्चालकले गाउँपालिकालाई बुझाउनुपर्ने वार्षिक सञ्चालन शुल्क वा राजस्व रकम आर्थिक प्रस्तावमा उल्लेख गरेबमोजिम हुनेछ।

(२) वार्षिक सञ्चालन शुल्क वा राजस्व रकम सम्झौतामा स्पष्ट उल्लेख गरिनेछ।

(३) गाउँपालिकाले सूचनामार्फत न्यूनतम वार्षिक सञ्चालन शुल्क निर्धारण गरी प्रस्ताव माग गर्न सक्नेछ।

(४) सञ्चालकले सम्झौतामा तोकिएको रकम प्रत्येक आर्थिक वर्षको तोकिएको समयभित्र गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(५) राजस्व दाखिला गरेको प्रमाण गाउँपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ।

१९. आम्दानी तथा खर्चको व्यवस्थापन :

(१) उद्योग सञ्चालनबाट हुने सम्पूर्ण आम्दानी तथा खर्चको अभिलेख सञ्चालकले व्यवस्थित रूपमा राख्नुपर्नेछ।

(२) उद्योगको आम्दानी तथा खर्चको विवरण छुट्टै बैंक खाता वा छुट्टै लेखा अभिलेखमार्फत व्यवस्थापन गर्नुपर्नेछ।

(३) उद्योग सञ्चालनबाट प्राप्त नाफा सञ्चालकको हुनेछ। तर गाउँपालिकालाई सम्झौताबमोजिम बुझाउनुपर्ने रकम तथा अन्य दायित्व पूरा गर्नुपर्नेछ।

(४) गाउँपालिकाले आवश्यक ठानेमा उद्योगको आर्थिक विवरण, कारोबार तथा लेखा अभिलेख निरीक्षण गर्न सक्नेछ।

(५) सञ्चालकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक आर्थिक तथा प्रगति प्रतिवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ।

२०. कर तथा अन्य कानूनी दायित्व :

उद्योग सञ्चालन गर्दा लाग्ने आयकर, मूल्य अभिवृद्धि कर, श्रमसम्बन्धी दायित्व, व्यवसाय दर्ता तथा नवीकरण शुल्क लगायतका प्रचलित कानूनबमोजिमका दायित्व सञ्चालक स्वयंले पूरा गर्नुपर्नेछ।

परिच्छेद–६

सम्पत्ति हस्तान्तरण, मर्मतसम्भार तथा संरक्षण

२१. सम्पत्ति हस्तान्तरण :

(१) सम्झौता भएपछि गाउँपालिकाले उद्योगको भवन, मेसिनरी, उपकरण तथा अन्य उपलब्ध सम्पत्तिको विवरण तयार गरी सञ्चालकलाई बुझाउनुपर्नेछ।

(२) सम्पत्ति हस्तान्तरण गर्दा सम्पत्तिको नाम, संख्या, अवस्था, क्षमता तथा अन्य विवरण खुलाइएको हस्तान्तरण मुचुल्का तयार गर्नुपर्नेछ।

(३) सञ्चालकले प्राप्त सम्पत्तिको संरक्षण तथा उचित प्रयोग गर्नुपर्नेछ।

२२. मर्मतसम्भार :

(१) उद्योग सञ्चालनका क्रममा आवश्यक पर्ने नियमित मर्मतसम्भार तथा सानातिना मर्मत खर्च सञ्चालकले व्यहोर्नुपर्नेछ।

(२) मेसिनरी तथा उपकरणमा ठूलो प्रकृतिको क्षति वा संरचनागत समस्या आएमा सञ्चालकले गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ।

(३) सञ्चालकको लापरवाही वा गलत प्रयोगबाट भएको क्षतिको मर्मत खर्च सञ्चालक स्वयंले व्यहोर्नुपर्नेछ।

(४) गाउँपालिकाको पूर्वस्वीकृतिबिना मेसिनरी तथा उपकरणको संरचनात्मक परिवर्तन वा प्रतिस्थापन गर्न पाइने छैन।

२३. सम्पत्ति फिर्ता गर्ने व्यवस्था :

(१) सम्झौताको अवधि समाप्त भएमा वा सम्झौता रद्द भएमा सञ्चालकले उद्योगका सम्पूर्ण भवन, मेसिनरी, उपकरण तथा अन्य सम्पत्ति गाउँपालिकालाई बुझाउनुपर्नेछ।

(२) सम्पत्ति बुझाउँदा हस्तान्तरण गर्दाको अवस्थासँग तुलना गरी सामान्य प्रयोगबाट हुने स्वाभाविक घिसावटबाहेक अन्य क्षति भएमा सोको मूल्याङ्कन गरिनेछ।

(३) सञ्चालकले बुझाउनुपर्ने बाँकी रकम, क्षतिपूर्ति वा अन्य दायित्व भएमा प्रचलित कानून तथा सम्झौताबमोजिम असुल गरिनेछ।

परिच्छेद–७

सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

२४. सुपरिवेक्षण समिति :

(१) उद्योगको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी, नियमित, पारदर्शी र जवाफदेही बनाउन देहायबमोजिमको सुपरिवेक्षण समिति रहनेछ:

क्र.सं.	पदाधिकारी	जिम्मेवारी
१	गाउँपालिका अध्यक्ष	संयोजक
२	गाउँपालिका उपाध्यक्ष	सदस्य
३	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
४	सम्बन्धित वडाको वडा अध्यक्ष	सदस्य
५	कृषि विकास शाखा प्रमुख	सदस्य सचिव

(२) समितिले आवश्यकताअनुसार उद्योग सञ्चालनसँग सम्बन्धित विषयका प्राविधिक, विज्ञ, कर्मचारी वा अन्य सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:

क) उद्योगको नियमित सञ्चालन, उत्पादन, प्रशोधन, बिक्री वितरण तथा व्यवस्थापनको स्थलगत निरीक्षण र सुपरिवेक्षण गर्ने।

ख) उद्योगमा उपलब्ध भवन, मेसिनरी, उपकरण तथा अन्य सार्वजनिक सम्पत्तिको अवस्था, प्रयोग, संरक्षण र मर्मतसम्भारको अनुगमन गर्ने।

ग) स्थानीय कृषकबाट सिमल तरुल खरिद तथा कच्चा पदार्थको आपूर्ति व्यवस्थापन भए/नभएको अनुगमन गर्ने।

घ) उद्योगको उत्पादन क्षमता, गुणस्तर, खाद्य स्वच्छता, प्याकेजिङ, ब्रान्डिङ तथा बजारीकरणको अवस्थाको मूल्याङ्कन गर्ने।

ङ) उद्योगमा कार्यरत जनशक्ति, स्थानीय रोजगारी सिर्जना तथा श्रमिकको सुरक्षा व्यवस्थाबारे निरीक्षण गर्ने।

च) उद्योगको आम्दानी, खर्च, खरिद, बिक्री, लेखा अभिलेख तथा गाउँपालिकालाई बुझाउनुपर्ने सञ्चालन शुल्क वा राजस्व दाखिलाको अवस्था जाँच गर्ने।

छ) सञ्चालकबाट पेश भएका त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको अध्ययन गरी कार्यसम्पादनको मूल्याङ्कन गर्ने।

ज) अनुगमनका क्रममा देखिएका कमी कमजोरी, समस्या तथा जोखिम पहिचान गरी सुधारका लागि समयसीमा तोकी सञ्चालकलाई लिखित निर्देशन दिने।

झ) उद्योग सञ्चालनमा देखिएका नीतिगत, प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय समस्या समाधानका लागि गाउँपालिकालाई आवश्यक सुझाव तथा सिफारिस गर्ने।

ञ) सम्झौताका शर्त तथा यस कार्यविधिको पालना भए/नभएको अनुगमन गरी उल्लङ्घन भएको देखिएमा आवश्यक कारबाहीका लागि गाउँपालिकासमक्ष सिफारिस गर्ने।

ट) उद्योगको सञ्चालन सुधार, क्षमता अभिवृद्धि, उत्पादन वृद्धि तथा बजार विस्तारका लागि आवश्यक सुझाव दिने।

ठ) अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्ने।

(४) समितिले आवश्यकताअनुसार जुनसुकै समयमा उद्योगको निरीक्षण गर्न सक्नेछ। सञ्चालकले निरीक्षणका क्रममा आवश्यक कागजात, अभिलेख तथा सूचना उपलब्ध गराई सहयोग गर्नुपर्नेछ।

(५) समितिले दिएको निर्देशनको पालना गर्नु सञ्चालकको कर्तव्य हुनेछ। निर्देशन कार्यान्वयन नगरेको वा गम्भीर अनियमितता देखिएको अवस्थामा समितिले सम्झौताबमोजिम कारबाहीका लागि गाउँपालिकासमक्ष सिफारिस गर्न सक्नेछ।

(६) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकसम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

२५. अनुगमन तथा मूल्याङ्कन :

(१) गाउँपालिकाले उद्योगको सञ्चालन, उत्पादन, बिक्री वितरण, गुणस्तर, आर्थिक कारोबार तथा सम्पत्तिको संरक्षणसम्बन्धी विषयमा नियमित अनुगमन गर्न सक्नेछ।

(२) अनुगमनका क्रममा देहायका विषयहरूलाई आधार मानिनेछः

क) उद्योग नियमित रूपमा सञ्चालन भए/नभएको।

ख) सिमल तरुलको खरिद तथा प्रशोधनको परिमाण।

ग) स्थानीय कृषकबाट कच्चा पदार्थ खरिदको अवस्था।

घ) उत्पादित वस्तुको गुणस्तर तथा बिक्री वितरण।

ङ) स्थानीय स्तरमा रोजगारी सिर्जना भएको अवस्था।

च) उद्योगको मेसिनरी तथा उपकरणको संरक्षण।

छ) गाउँपालिकालाई बुझाउनुपर्ने राजस्व नियमित दाखिला भए/नभएको।

ज) आर्थिक तथा प्रगति प्रतिवेदन पेश गरे/नगरेको।

(३) अनुगमनका क्रममा देखिएका कमी कमजोरी सुधार गर्न सञ्चालकलाई आवश्यक निर्देशन दिन सकिनेछ।

२६. प्रगति प्रतिवेदन :

(१) सञ्चालकले प्रत्येक तीन महिनामा उद्योग सञ्चालनको प्रगति विवरण गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(२) प्रतिवेदनमा कच्चा पदार्थ खरिद, प्रशोधन, उत्पादन, बिक्री, आम्दानी, खर्च, रोजगारी तथा अन्य उपलब्धिको विवरण समावेश हुनुपर्नेछ।

(३) गाउँपालिकाले आवश्यकताअनुसार थप विवरण माग गर्न सक्नेछ।

परिच्छेद–८

सम्झौता रद्द तथा विवाद समाधान

२७. सम्झौता रद्द गर्न सकिने अवस्था :

देहायको अवस्थामा गाउँपालिकाले सम्झौता रद्द गर्न सक्नेछः

क) सञ्चालकले सम्झौताबमोजिम उद्योग सञ्चालन नगरेमा।

ख) उद्योग लगातार तीन महिनाभन्दा बढी समयसम्म उचित कारणबिना बन्द राखेमा।

ग) गाउँपालिकालाई बुझाउनुपर्ने सञ्चालन शुल्क वा राजस्व पटक–पटक नबुझाएमा।

घ) उद्योगको सम्पत्ति दुरुपयोग, बिक्री, हस्तान्तरण वा हिनामिना गरेमा।

ङ) झुट्टा विवरण वा गलत कागजात पेश गरी सञ्चालनको जिम्मेवारी प्राप्त गरेको प्रमाणित भएमा।

च) प्रचलित कानूनविपरीत कार्य गरेमा।

छ) गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा।

ज) सम्झौताका शर्तहरू उल्लङ्घन गरेमा।

झ) गाउँपालिकाको सम्पत्ति वा सार्वजनिक हितमा गम्भीर असर पर्ने कार्य गरेमा।

२८. सम्झौता रद्द गर्नुअघिको प्रक्रिया :

(१) सम्झौता रद्द गर्नुपर्ने अवस्था देखिएमा गाउँपालिकाले सञ्चालकलाई लिखित रूपमा स्पष्टीकरण तथा सुधारको अवसर प्रदान गर्नुपर्नेछ।

(२) स्पष्टीकरण चित्तबुझ्दो नभएमा वा तोकिएको समयभित्र सुधार नगरेमा गाउँपालिकाले सम्झौता रद्द गर्न सक्नेछ।

(३) उद्योगको सम्पत्ति हिनामिना, गम्भीर अनियमितता वा सार्वजनिक सम्पत्तिमा तत्काल क्षति पुग्ने अवस्था भएमा प्रचलित कानूनबमोजिम आवश्यक तत्कालीन कारबाही गर्न बाधा पर्ने छैन।

(४) सम्झौता रद्द भएपछि सञ्चालकले उद्योगको सम्पूर्ण सम्पत्ति गाउँपालिकालाई बुझाउनुपर्नेछ।

२९. विवाद समाधान :

(१) गाउँपालिका र सञ्चालकबीच उत्पन्न हुने विवाद आपसी समझदारी तथा छलफलबाट समाधान गर्ने प्रयास गरिनेछ।

(२) आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानूनबमोजिम विवाद समाधान गरिनेछ।

परिच्छेद–९

विविध

३०. बीमा तथा सुरक्षा व्यवस्था :

(१) उद्योगमा रहेका मेसिनरी तथा उपकरणको सम्भव भएसम्म बीमा गर्ने व्यवस्था सञ्चालकले मिलाउनुपर्नेछ।

(२) उद्योगमा कार्यरत कर्मचारी तथा श्रमिकको सुरक्षा, स्वास्थ्य र श्रमसम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(३) आगलागी, विद्युत् जोखिम तथा अन्य सम्भावित दुर्घटनाबाट बच्न आवश्यक सुरक्षा व्यवस्था मिलाउनुपर्नेछ।

३१. प्रचलित कानूनबमोजिम हुने :

यस कार्यविधिमा उल्लेख भएका विषयहरू प्रचलित संघीय तथा प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनबमोजिम हुनेछ।

३२. बाधा अड्काउ फुकाउने अधिकार :

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

३३. संशोधन तथा खारेजी :

यस कार्यविधिमा आवश्यक संशोधन वा खारेजी गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

.....

राज कुमार शाक्य

प्रमुख प्रशासकीय अधिकृत

चुलाचुली गाउँपालिका मुलाम